# वार्षिक प्रतिवेदन

त्रि.बि. बाट सम्बद्धन प्राप्त

# नारद आदर्श शिक्षा क्याम्पस

चौदण्डीगढी न.पा.-०४,बसाहा, उदयपुर,कोशी प्रदेश

स्थापना २०६०

२०८१

प्रतिवेदन प्रकाशित मिति : २०८१, असोज , २९ गते

प्रस्तोता

राज कुमार राई

क्याम्पस प्रमुख

# वार्षिक प्रतिवेदन

त्रि.बि. बाट सम्बद्धन प्राप्त

# नारद आदर्श शिक्षा क्याम्पस

चौदण्डीगढी न.पा.-०४,बसाहा, उदयपुर,कोशी प्रदेश

स्थापना २०६०

राज कुमार राई
क्याम्पस प्रमुख

## प्रतिवेदन तयार गर्ने समूह

1. राज कुमार राई- क्याम्पस प्रमुख (संयोजक)
2. ध्रुवराज राई- पूर्व क्याम्पस प्रमुख
3. हुकुम वहादुर मगर- शिक्षण सहायक
4. मौसम राई - सञ्चालक समिति सदस्य
5. राम कुमार मण्डल - लेखापाल

क ) क्याम्पसको नाम : नारद आदर्श शिक्षा क्याम्पस ख)

क्याम्पसको ठेगाना :

जिल्ला : उदयपुर

स्थानीय तहको नाम : चौदंडिगढ़ी नगरपालिका, वडा न : ४ ग )

क्याम्पसमा जम्मा विद्यार्थी संख्या

**क्याम्पस सञ्चालक समितिले प्रतिवेदन अनुमोदन गरेको मितिः** २०८१, असोज, २८ गते

## विषय सुची


| | |
|---|---|
| विषय सुची | क्ष |
| भुमिका | ज्ञ |
| कार्यकारी सारांश | द्द |
| दुर दृष्टि | द्द |
| लक्ष्य | घ |
| उद्देश्य | घ |
| सांगठनिक संरचना | द्ध |
| शैक्षिक अवस्था | छ |
| गत तीन वर्षको भर्ना प्रवृति विश्लेषण | छ |
| क्याम्पसको नतिजा | ट |
| शैक्षणिक विधिहरु | ठ |
| भौतिक सुधार | ड |
| पूर्वाधार विकास : | ड |
| शैक्षिक सामाग्री | ढ |
| आर्थिक विश्लेषण | ज्ञण |
| खर्चको विश्लेषण | ज्ञज्ञ |
| लेखा परीक्षण २०७९ को सुझाव कार्यन्वयन योजना : | ज्ञद्द |
| समाजमा क्याम्पसको योगदान | ज्ञद्द |
| क्याम्पसलाई समाजको योगदान : | ज्ञघ |
| क्याम्पसको सामाजिक योगदान : | ज्ञघ |
| सवाल र चुनौतिहरु | ज्ञद्ध |
| चुनौतिहरु | ज्ञद्ध |
| चुनौति समाधानको योजना | ज्ञछ |

# भुमिका

नेपालको पुर्व कोशि प्रदेश अन्तर्गत उदयपुर जिल्ला, चौदण्डीगढी नगरपालिका, वडा नं ४ मा अवस्थित यस श्री नारद आदर्श शिक्षा क्याम्पस वर्षेडाँडा बजारमा २०६० सालमा समुदायको सक्रियता र सहयोगमा स्थापना भएको हो । सुरुका दिनमा आफ्नै भवन नहुदा नारद आदर्श मा.वि.को भवनमा सञ्चालित यो क्याम्पस वर्तमान समयमा ६० कट्टा जग्गामा ५ वटा भवन निर्माण गरी आफ्नै भवनमा सञ्चालित रहेको छ । भारत सरकारको सहयोगमा एक वटा १६ कोठे भवन र अन्य संघसंस्था तथा क्याम्पसको आन्तरिक स्रोतमा ४ वटा भवनहरु निर्माण गरी क्याम्पस भौतिकरुपमा सक्षम अवस्थामा पुगेको छ । सुरुका वर्षहरुमा
राम्रै विद्यार्थी संख्या बटुल्न सफल भएको यो क्याम्पसमा हाल विद्यार्थी संख्याको
ठिकै अवस्थामा रहेको छ ।

बिगत लामो समय यो सस्था घाटामा चलिरहेको थियो । घाटा पुरा गर्न समाज र समुदायसँग प्रत्यक्ष सम्वन्ध र सरोकार रहेको यो क्याम्पसको घाटा पूर्तिका निमित विभिन्न योजनाहरु सहित क्याम्पस सञ्चालक समिति लागि परेर अहिले कम भैसकेको छ । र त्यो काम भई रहेको छ । निकै मिहिनेत पूर्वक तयार गरिएको यो प्रतिवेदनमा क्याम्पसको शैक्षिक, भौतिक र आर्थिक पक्षको यथार्थ विवरणका साथै क्याम्पसको समग्र पक्षको विश्लेषण गरिएको छ । क्याम्पसमा
रहेका चुनौति र यसका समाधानका योजनाहरु समेत प्रस्तुत गरिएको यो प्रतिवेदन क्याम्पसको पार्श्वचित्र जस्तै बनेको छ । यो प्रतिवेदन क्याम्पस सञ्चालक समिति, समुदाय, अध्यापक तथा सरोकारवाला पक्षहरुको भेला, छलफल र अन्तर्क्रियाको निश्कर्ष पछि तयार पारिएको हो । प्रतिवेदन लेखन समितिको यो महत्वपूर्ण भूमिका प्रति आभार समेत प्रकट गरिन्छ ।

## कार्यकारी सारांश

यो प्रतिवेदनमा नारद आदर्श शिक्षा क्याम्पसकले आफ्नो समग्र शैक्षिक, भौतिक तथा आर्थिक पक्ष समेटेर वास्तविकता उतार्ने काम गरेको छ । मूलत क्याम्पस स्थापनाको केहि वर्ष पछि भर्ना हुने विद्यार्थी संख्यामा केहि कमी आएको देखिएको छ र हाल केहि वर्ष देखि भर्ना दर बढेको देखिन्छ । जसकालागि अघिल्ला तीन वर्षहरुको तहगत विद्यार्थी भर्नाको विवरण यो प्रतिवेदनमा समेटिएको छ । त्यसै गरी क्याम्पसको भौतिक अवस्था सुदृढ र समपन्नता तिर उन्नमुख देखिन्छ । उक्त कामका लागि मित्र राष्ट्र भारतद्वारा १६ कोठे भवन निर्माणमा सहयोग गर्नु भएकोमा मित्र राष्ट्र भारतलाई हार्दिक धन्यवाद दिन चाहान्छौ ।चार बर्षे वि.एड.लागु भए देखि पुस्तकहरुको अभाव देखिएको छ । जसको वास्तविक विवरण पनि यो प्रतिवेदनमा समावेश गरिएको छ ।

यस प्रतिवेदन बनाउदा यस समितिले क्याम्पस संतुलनमा गएको देखिएको छ । मुलत विद्यार्थी संख्या बढनु र विभिन्न निकायहरुको सहयोगले यस्तो रहेको देखिन्छ ।यो प्रतिवेदनमा क्याम्पसल्ले समाजमा पुऱ्याएको योगदान, समाजसँगको सम्वन्ध र यसको वृद्धिको योजना समेत प्रस्तुत गरिएको छ । मुख्यत क्याम्पसमा रहेका देहाय बमोजिमका अल्पकालीन र दीर्घकालीन सवाल र चुनौतिहरु रहेको प्रतिवेदनमा निष्कर्ष निकालिएको छ । साथै चुनौति वा समस्याहरुको समाधान गर्ने योजना र उपायहरु समेत तपशिल बमोजिमका बुँदाहरुमा समेटेर समग्र प्रतिवेदन तयार पार्ने काम गरिएको छ ।

### क्याम्पसको दुर दृष्टि लक्ष्य र उदेश्य

### दुर दृष्टि

राष्टको शिक्षाको राष्टिय उदेश्य अनुरुप राष्टभक्त जिम्मेवार र अन्तराष्टिय बजारमा प्रतिभावान सचेत र सक्षम नागरिक तथा उच्च स्तरको मानविय

संसाधनको बिकासमा योगदान पुर्याउने

राज कुमार राई
क्याम्पस प्रमुख

लक्ष्य

यस क्याम्पसलाइ उच्च शैक्षिक उपलब्धि भएको एक उत्कृष्ट क्याम्पस निर्माण गर्ने **उद्देश्य**

(क) न्युनतम शुल्कमा गुणस्तरिय शिक्षा प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने ।

(ख) नेपाल सरकार तथा सम्वन्धन दिने विश्वविद्यालयको ऐन नियम र नितिमा रहि निद्धिष्ट गरेको पाठ्यकम अनुसार शैक्षिक गतिविधि सञ्चालन गर्ने

(ग) अनुसन्धान तथा खोजमुलक कार्यमा जोड दिई प्राज्ञिक उन्नयन गर्ने ।

(घ) विद्यार्थीहरुमा स्वस्थ प्रतिस्पर्धाको भावनाको विकास गराई देश निर्माणका लागि आवश्यक दक्ष, स्वावलम्वी र देशभक्त नागरिक उत्पादन ग

(ङ) क्याम्पसलाई यस क्षेत्रको उच्च शैक्षिक धरोहरका रुपमा विकास गर्ने ।

(च) क्याम्पसको व्यवस्थापनमा हरेक क्षेत्रको सामाजिक प्रतिनिधित्व गराई यस क्याम्पसलाई साझा सामाजिक प्रतिष्ठानको रुपमा अगाडि बढाउने ।

राज कुमार राई
क्याम्पस प्रमुख

## १.शैक्षिक अवस्था

### १.१ गत तीन वर्षको भर्ना प्रवृति विश्लेषण

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त यस श्री नारद आदर्श शिक्षा क्याम्पस २०६० सालमा स्थापना भएको हो । क्याम्पस सुरु गर्दा यस क्याम्पसमा प्रथम वर्षमा ५२ जना विद्यार्थी भर्ना भएको देखिन्छ तर आजसम्म आइ पुग्दा क्रमश विद्यार्थी संख्या वृधि हुदै यस वर्ष २०८१)८२ मा विद्यार्थी संख्या २०४ जना रहेको छ । मूलत शिक्षाशास्त्र संकायमा देखिएको घट्दो आकर्षण,वेरोजगारी समस्या, आर्थिक अभाव, विद्यालय शिक्षामा उतीर्ण संख्या कम हुनु, स्नातक तहलाई ४ वर्षे बनाइनु र शिक्षाशास्त्र संकाय तर्फको जनशक्ति बढी उत्पादन हुनु, वैदेशिक अध्यनको लागि विदेश जानु विद्यार्थी संख्या घटनुका प्रमुख कारणहरु रहेको निश्कर्ष निकालिएको छ । यस क्याम्पसमा गत ३ वर्षदेखिको भर्ना विवरण निम्नानुसार रहेको छ । भर्ना हुदा धेरै बिधार्थि देखिएता पनि चौथो बर्ष आइपुग्दा संख्या घटेको देखिन्छ ।

**क) शौक्षक सत्र २०७९**

| प्रथम वर्ष | | | द्वितीय वर्ष | | | तृतीय वर्ष | | | चौथो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७१ | २२ | ९३ | ३० | ७ | ३७ | २५ | ५ | ३० | १२ | ५ | १७ |

जम्मा : १७७

**ख) शैक्षिक सत्र २०८०**

| प्रथम वर्ष | | | द्वितीय वर्ष | | | तृतीय वर्ष | | | चौथो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| २२ | ६३ | ८५ | ६९ | २० | ८१ | २६ | ४ | ३० | १९ | २ | २१ |

जम्मा : २१७

ग) शैक्षिक सत्र २०८१

| प्रथम वर्ष | | | द्वितीय वर्ष | | | तृतीय वर्ष | | | चौथो वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १३ | २२ | ३५ | २२ | ६३ | ८५ | २० | ७ | २७ | ४४ | १३ | ५७ |

**जम्मा : २०४**

यस तथ्यांकले के देखाउछ भने हरेक वर्ष यस क्यामपसमा भर्ना हुने विद्यार्थीहरुको दर उच्च रहेको तर विभिन्न कारणले परीक्षा फरम नभर्ने, ड्रपआउट गर्ने कारणले दोस्रो तेस्रो वर्षमा पुग्दा विद्यार्थीहरुको संख्या न्युन हुदै गएको देखिन्छ र चौथो वर्ष सम्म पुग्दा यो क्रम नरोकिएको देखिएको छ। यसरी तेस्रो वर्षमा विद्यार्थी संख्या न्युन छ। यस वर्ष भने चौथो वर्षमा राम्रो देखिएको छ।

**२. क्याम्पसको नतिजा :**

यस श्री नारद आदर्श शिक्षा क्याम्पसमा विद्यार्थी संख्याको अनुपातमा उतीर्ण प्रतिशत सन्तोषजनक रहेको छैन्। विशेषत क्याम्पसमा नियमित पठनपाठन हुनु, भर्ना भएका अधिकांश विद्यार्थी कक्षमा उपस्थित हुनु, क्याम्पसमा राजनीतिकरण नहुनु, दक्ष अध्यापकहरु रहनु आदि कारणहरुले विद्यार्थीहरु उतीर्ण भएको निश्कर्ष निकालिएको छ।

श्री नारद आदर्श शिक्षा क्याम्पसको अभिलेख अनुसार गत तिन वर्षमा पहिलो, दोस्रो र तेस्रो वर्ष उतीर्ण गरी प्रमाणपत्र लाने विद्यार्थीहरुको विवरण देहाय बमोजिम रहेको छ।

राज कुमार राई
क्याम्पस प्रमुख

| शै.स. २०७९ | | | शै.स. २०८० | | | शै.स. २०८१ | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ११ | ४ | १४ | ६ | १ | ७ | ५ | २ | ७ |

**३ संचालित कार्यक्रम :**

| | |
|---|---|
| चारवर्षे स्नातक तह बि एड | १. नेपाली |
| | २. अंग्रेजी |
| | ३. अर्थशास्त्र |
| | ४. जनसंख्या |

**४ शैक्षणिक विधिहरु**

शिक्षण सिकाइ प्रकृयालाई प्रभावकारी बनांउन विषयवस्तु र उदेश्य पाप्तिलाई हेरेर उपयुक्त शैक्षणिक विधिको प्रयोग गर्नु पर्ने हुन्छ । यस क्याम्पसमा विशेषत प्रवचन विधि प्रयोग गरिएता पनि विषयवस्तुको प्रकृति हेरेर समस्या समाधान, छलफल, क्षेत्र भ्रमण, अवलोकन, प्रयोगात्मक र शैक्षिक भ्रमण जस्ता अन्य विधिहरुको समेत प्रयोग गर्ने गरिएको छ ।प्रयोगात्मक विषयहरुलाई अझ प्रभावकारी बनाउदै जाने प्रयास गरिदैछ ।

यसै शैक्षिक सत्रबाट चौथोवर्षको लागि अभ्यास शिक्षणलाई अझ प्रभावकारी बनाउनका लागि एउटा छुट्टै कक्षा थप गरि शिक्षण गरिएको छ । शिक्षणमा गएका छात्र शिक्षकहरुलाई नियमित अनुगमन सुपरिवेक्षण र पृष्टपोषण प्रदान गरि उत्कष्ट

नतिजा ल्याउने अपेक्षा गरिएको छ । यस वर्षदेखि आइ सि टी अन्तरगत इन्टरएक्टिभ बोर्ड द्वारा शिशन गरिने छ ।

## ५. भौतिक सुधार

### ५.१ पूर्वाधार विकास :

वि.स. २०६० सालमा स्थापना भएको यो श्री नारद आदर्श शिक्षा क्याम्पस बसाहाको आफ्नै नाममा चौदण्डीगढीपालिका वडा न. ४मा ६० कट्ठा जग्गा रहेको छ । हाल क्याम्पसले आफ्नै भवनमा पठनपाठन कार्य सञ्चालन गरिरहेको छ त्यसै गरी हङकङ वासी नेपाली दाजुभाईहरुले २ वटा दुई दुई कोठे भवन निर्माण गरिदिएका छन । छात्र/छात्रा तथा स्टाफहरुको छुट्टा छुट्टै कोठा भएको शौचालयको व्यवस्था गरिएको छ । शुद्ध पीउने पानीको व्यवस्था सहित धारो निर्माण गरिएको छ । क्याम्पसमा यातायात तथा विद्युतको पहुँच पुऱ्याइएको छ ।

यस क्याम्पसको परिसर सुरक्षित बनाउन चारे तर्फ घेरावेरा बनाउने कार्य नगरपालिकाको सहयोगमा सम्पन भएको छ । दक्षिण तर्फ २० मिटर पर्खाल लगाउने कार्यको लागि थप पहल भईरहेको छ । शिक्षा तथा समाजिक विकास मन्त्रालय,कोशी प्रदेश द्वारा प्रदान गरिएको आर्थिक सहयोगबाट इन्टलक विछ्याउने कार्य समपन्न गरिएको छ । यस कार्यमा चौ.न.पा. वडा नं. ४ ले सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दछ । टाढाको विद्यार्थीहरुलाई खान बस्नकोलागि ५ वटा कोठमा छात्रावासको व्यवस्था गरिएको छ । छात्राबासमा बस्ने विध्यार्थिहरुको लागि करेसाबारिमा तरकारि उत्पादन गर्न मल, माटो र खनजोतको बयबस्था गीरएको छ ।

हाल स्नातक तहलाई ४ वर्षे बनाइए पछि क्याम्पसमा कक्षाकोठालाई सुचना तथा संचार संग पहुच बढाउने उद्धेश्यले आई.सि.टि. कार्यक्रम लागु गर्न क्याम्पस सञ्चालक समितिले सम्वन्धित सरोकारवालाहरुसँग आर्थीक सहयोग माग गर्ने निर्णय गरी पहल कदमी गरिरहेको छ । त्रि.वि.वि.द्वारा संचालित स्नातक तहको

राज कुमार राई
क्याम्पस प्रमुख

सपुर्ण परीक्षाहरु संचालन गरिरहेको छ जसका लागि परीक्षा मर्यादित बनाउन हरेक कोठामा सि.सि. टिभि जडान गरिएको छ ।

पूर्वाधार विकास नभएसम्म गुणस्तरीय शिक्षा प्रदान गर्न कठिन हुन्छ । यस क्याम्पसमा तत्कालीनरुपमा सामान्य पूर्वाधारको विकास भएपनि थुपै विकासका पूर्वाधारहरु खडा गर्न बाकी रहेको छ । विशेषत क्याम्पसमा थप शौचालय, कार्यक्रम सभाहल, कवड हल, क्यान्टिन , पाकिङ स्थल लगायतका पूर्वाधार विकास गर्न बाकी रहेको छ । विद्युत, खानेपानी, यातायात, सञ्चार जस्ता विकासका पूर्वाधारहरुलाई अझ थप व्यवस्थित गर्नुपर्ने देखिन्छ । वर्षा याममा पानि जम्ने भएकोले वरीपरी ढलको व्यवस्था गनुपर्ने देखिन्छ ।

## ५.२ शैक्षिक सामाग्री

शिक्षण सिकाइ क्रियाकलापलाई अगाडि बढाउनको निमित शैक्षिक सामाग्री निर्माण, खरिद र प्रयोग गर्नु अनिवार्य हुन्छ । क्याम्पसले विशेषत आफै निर्माण गरिएका शैक्षिक सामाग्रीका अलवा विषय, तह र पाठ्यक्रमअनुसारका उपयोगी शैक्षिक सामाग्रीहरुको पनि खरिद गरेको छ । पाठ्यक्रम परिवर्तन भएकाले पाठ्यपुस्तकको केहि अभाव देखिएतापनि विद्यार्थीहरुलाई आलोपालो गरी पाठ्यपुस्तक उपलब्ध गराउने काम गरिएको छ । प्रशस्त सन्दर्भसामाग्रीहरु लगायत पत्रपत्रिकाको समेत व्यवस्था गरिएको छ ।भर्खर मात्र विद्युतीय सेवा क्याम्पसमा विस्तार भएकाले आइ.सि.टि. ल्याव, प्रोजेक्टर, मल्टिमिडिया जस्ता कुराहरुको व्यवस्थापन गर्न सकिएको छैन । उक्त कुरालाई मध्यनजर गर्दै क्याम्पस सञ्चालक समिति दाताहरुको खोजी कार्यमा लागि परिरहेको छ ।

यस क्याम्पसको पुस्तकालयमा करिव पाठ्यपुस्तक र सान्दर्भ सामाग्री गरि ५००० पुस्तकहरु रहेको जानकारी गराउन चाहन्छु । अन्य सामाग्री रुपमा दैनिक समाचार पत्र २ मासिक समाचार पत्र १ को व्यवस्था गरिएको छ । यसै बर्ष आइ सि टी अन्तरगत ४ बटा इन्टरएक्टिभ बोर्डको ब्यबस्था गरिएको छ । आगामी दिनमा थप

राज कुमार राई
क्याम्पस प्रमुख

सुविधा समपन्न पुस्तकालय निमार्ण गर्नको लागि ई-पुस्तकालयको रुपमा व्यवस्थित वनाउने योजना छ । फर्निचरहरुको हकमा भारतिय दुतावासद्वारा प्रदान गरिएको डेस्कवेन्च टेवल इत्यादि पूर्ण छ । कार्यालय व्यवस्थापन भने स्वुविधा समपन्न बनाउन सकिएको छैन । आगामी दिनमा प्राध्यापक कक्ष, स्व.वियू कक्ष स्थापना गर्ने योजना राख्न चाहन्छु ।

## ६. आर्थिक विश्लेषण

यस क्याम्पसमा विभिन्न दाताहरुबाट संकलन गरिएको बैंक मौज्दात, विद्यार्थीबाट प्राप्त शुल्क, नगरपालिका तथा वडापालिकाबाट प्राप्त अनुदान आदि आम्दानीका स्रोतका रुपमा रहेका छन । यिनै स्रोतबाट प्राप्त रकमले नै क्याम्पस सञ्चालन हुदै आएको छ ।गते ३ वर्षको क्याम्पसको आय व्यय विवरण लेखापरीक्षकको प्रतिवेदन अनुसार निम्नअनुसार रहेको छ ।

आर्थिक वर्ष ०७८/०७९

| आम्दानि | चालु खर्च | पुजिगत खर्च |
|---|---|---|
| ४४५५०८८.६५ | २११८८०५.९७ | २३३६२८२.८६ |

आर्थिक वर्ष ०७९/०८०

| आम्दानि | चालु खर्च | पुजिगत खर्च |
|---|---|---|
| ६५९९७९५.६८ | ४३३२८८९.२७ | २२६६९०६.४१ |

आर्थिक वर्ष ०८०/०८१

| आम्दानि | चालु खर्च | पुजिगत खर्च |
|---|---|---|
| ६३३०५४५.९७ | २९६००१२.७९ | १०२१२४५.४५ |

राज कुमार राई
क्याम्पस प्रमुख

यस डाटा बाट के देखिन्छ भने पछिल्ला वर्षहरुमा क्याम्पस आर्थिक रुपले सुद्रिढ हुदै गएको छ । यस कार्यमा स्थानिय निकाय नगरपालिका विश्वविद्यालय अनुदान आयोग र प्रदेश सरकारबाट प्राप्त आर्थिक सहयोगको ठूलो हिसा रहेको छ । विश्व विद्यालय अनुदान आयोगले गत वर्ष १४१००००।- चौध लाख १० हजार प्रदान गरेइको थियो यस रकमबाट आइ सि टि खरिद कार्य र प्राध्यापक कर्मचारि त.भ. र अक्षय कोषमा खर्च दिईएको जानकारी गराउदछु ।अनुदानले भविषयमा अझ समपन्न र सुद्रिढ हुदै जाने विश्वास गरिएको छ ।

विगतका वर्षहरुमा बाँकि रहेको दायित्व यसै आ.व. बाट भुक्तानी गरि सकिएको सहर्ष जानकारी गराउदछु । यसै वर्षबाट क्याम्पस संतुलनमा रही थोरै बचत रहेको जानकारी गराउन चाहन्छु ।

विगत लामो वर्ष देखि विद्यार्थीहरुको भर्ना शुल्क शिक्षण शुल्क यथावत रहेको जानकारी गराउदछु । विद्यार्थी शुल्क नै मुख्य आम्दानिको स्रोत देखिएको छ । यसका साथै नगरपालिका, विश्व विद्यालय अनुदान आयोग र प्रदेश सरकार नै यस क्याम्पसको आर्थीक खम्बाको रुपमा देखिएको छ । साथै विद्यार्थी भर्ना दर र भर्ना टिकाउको अवस्था चुनौतिपूर्ण रहदा सम्म वैकल्पिक आम्दानीका स्रोतहरु जुटाउन प्रयासरत रहनुपर्ने आवश्यकता स्पष्ट छ । यस वर्षका मुख्य आम्दानीको स्रातहरु

क) विश्व विद्यालय अनुदान आयोग रु १४,१०,०००।-

ख) प्रदेश क्षेत्रिय निर्देशनालय धनकुटा रु ७,००,०००।- ग) चौदण्डीगढी नगरपालिका रु ४,९८,४२२ ।-

घ) विद्यार्थी शुल्क रु १५,५४,८२६ ।- ७.

**खर्चको विश्लेषण**

गत लामो वर्ष पनि प्राध्यापकहरुलाई दिनु पर्ने त.भ. को दायित्वमा ठूलो रकम खर्च भएको छ । यस बाहेक नियमित खर्चहरु विजुली,संचार,सरसफाई, परीक्षा, निर्माण,इत्यादिमा खर्च गरिएको छ । उपकरण अन्तरगत कम्प्युटर खरिद गरिएको

छ। पुजिगत खर्च भन्दा संचालन खर्च बढी देखिएता पनि आगामी वर्ष देखि न्यून हुने कुरा व्यक्त गर्न चाहन्छु। नयाँ पाठयपुस्तको लागि नया रयाक रु.१,००,००० ।-बराबर खरिद गरिएको छ

**७.१ लेखा परीक्षण २०७९ को सुझाव कार्यन्वयन योजना :**

क) सामाजिक सुरक्षा कर कट्टी समयमै गरिने छ।

ख) रसिद नियन्त्रण खाता अनिवार्य राखिने छ।

ग) सम्पूर्ण आम्दानि रकम बैङ्कमा दाखिला गरि कारोबार गरिने छ।

**८. समाजमा क्याम्पसको योगदान**

शिक्षा प्रणाली समाजको एउटा अभिन्न अंग हो । शिक्षा र समाजबीच अन्यायोश्रित सम्बन्ध रहेको हुन्छ। यस क्याम्पस अत्यन्त भौगोलिक विकटतामा स्थापना भएको क्याम्पस हो । यो क्याम्पस स्थापना हुँदा यस जिल्लाको पूर्वि क्षेत्रमा एउटामात्र क्याम्पस रहेको थियो । भोजपूर , खोटाङ ,उदयपूर र सप्तरी जिल्लाका केही स्थानहरुका विपन पिछ्याडिएका जनजाति दलित विद्यार्थीहरुले यस क्यामपमा अध्यन गरिरहेका छन् । स्नातक उत्तिर्ण गरेका विद्यार्थीहरु स्वरोजगारी बनेर जिविका गररिहेका छन भने उलेखिन्य संख्यामा शिक्षा आयोग ,लोक सेवा आयोग , सेना,प्रहरीमा आबद्ध भई राष्ट्र सेवा गरिरहेका छन् यस जिल्लाको दुरदराजमा खोलिएको यो क्याम्पसले समाजमा शैक्षिक जागरण भित्राउने, चेतना अभिवृद्धि गर्ने, कार्यस्थलमा रहेर शैक्षिक योग्यता बढाउन सहजीकरण गर्ने, अपाङ्ग, महिला र विशेष गरी पिछडिएका क्षेत्रका मानिसहरुलाई शिक्षा दिने तथा शैक्षिक योग्यता हासिल गराउन योगदान पुर्‍याएको छ।

जिल्ला बाहिर आफ्ना छोराछोरी पठन पठाउनु पर्दा आर्थिक बोझ पर्ने, छोराछोरीहरु आफ्नो नियन्त्रणभन्दा बाहिर रहने र विशेषत छोरी बुहारीहरुको हकमा बाहिर पठाउन गाऱ्हो मान्ने जस्ता समाजमा रहेका समस्याहरुलाई हल गर्न

क्याम्पसले महत्वपूर्ण योगदान पुऱ्याएको छ । समाजमा सामाजिक विकासका लागि मार्गनिर्देशन, विपद व्यवस्थापन तथा द्वन्द व्यवस्थापन जस्ता विषयमा यस क्याम्पसले महत्वपूर्ण योगदान समाजमा पुऱ्याउदै आएको छ । आर्थिक विपन्न र फरक क्षमताका विद्यार्थीहरुलाई निशुल्क शिक्षा दिईरहेको छ ।

## ८.१. क्याम्पसलाई समाजको योगदान :

यस क्याम्पसलाई यस क्षेत्रको समाजको अतुलनिय योगदान रहेको छ । समाजमा रहेका विभिन्न पेशाकर्मीहरु कृषक , शिक्षक,समाजसेवि सबैको मुठिदानबाट यस क्याम्पसको स्थापना भएको हो । यस क्षेत्रका सामुदायिक वन , भु.पु सैनिक संगठन ,क्लब , आमासमुह ,जातिय संघसंगठन राजनितिक दल र अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले आर्थीक, सामाजिक र नैतिक रुपमा निरन्तर सहयोग गरिरहनु भएकोमा हार्दिक अभार व्यक्त गर्न चाहन्छु । साथै आगामी दिनमा यहि सहयोगको अपेक्षा गर्दछु ।

## ८.२ क्याम्पसको सामाजिक योगदान :

स्थापनाकाल देखिनै यस क्याम्पसले यस क्षेत्रका विपन्न , दलित , जनजाति , सिमान्तिकृत वर्गका छोराछोरीहरुलाइ स्नातक तहको शिक्षा प्रदान गरि रहेको छ । विषेश गरि महिला र फरक क्षेमता भएका विद्यर्थीहरुलाई निःशुल्क रुपमा शिक्षा प्रदान गरिरहेको छ । अध्ययन पुरा गरेर पास आउट भएका विद्यार्थीहरु नेपाली सेना , शिक्षक, राजनितिज्ञ , समाजसेवी बनेर निरन्तर राष्ट सेवामा लागि रहेका छन्। कतिपयले निजि विद्यालय खोलेर रोजगारीको अवसर प्रदान गरिरहेको छ । यस क्याम्पको वर्तमान प्रमुख,नगरपालिका प्रमुख पनि यसै क्याम्पसको पूर्व विद्यार्थीहरु हुनुहुन्छ । यस क्याम्पसले प्रदेश सभा सदस्य जस्तो गरिमामय पदमा पुग्ने हैसियत राख्ने उत्पादन गरेको जानकारी गर्न चाहन्छु । यसै वर्ष देखि छात्रावास बस्ने

विद्यार्थीहरुलाई सामुहिक कृषि कार्यमा लगाउने योजना रहेको छ । कुमारी शिक्षा शिर्षकमा ५० प्रतिशत छुटमा शिक्षण गरिने योजना सुनाउन चाहान्छु ।

## ९. सवाल र चुनौतिहरु

दुर्गम जिल्लाको पनि दुर्गम स्थानमा स्थापना भएको यस क्याम्पसका थुप्रै सवाल र चुनौतिहरु रहेका छन । विशेषत विद्यार्थी संख्याको अभाव र पूर्णकालीन अध्यापकहरु न्यून रहनु यसको मुख्य चुनौति रहेको छ । यस क्याम्पसका अल्पकालीन तथा दीर्घकालीन सवाल र चुनौतिहरुलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

### ९.१ चुनौतिहरु

(क) अल्पकालीन चुनौतिहरु

- ❖ पारावहनको अभाव
- ❖ विद्यार्थीको उतिर्ण दर हुनु
- ❖ विद्यार्थी संख्या न्युन हुनु
- ❖ विद्यार्थी ड्पआउट हुनु
- ❖ समपन्न छात्रावासको अभाव
- ❖ पुस्तकालय व्यवस्थापनको अभाव
- ❖ सावारी पार्किङ स्थल अभाव
- ❖ क्यानटिन भवन अभाव
- ❖ प्रविधि मैत्रि शिक्षण नहुनु
- ❖ नयाँ पाठयक्र अनुसारको तालिम अभिमुखिकरण नहुनु
- ❖ ब्रेनड्रेनको समस्या हुनु

(ख) दिर्घकालीन चुनौतीहरु

- ❖ आम्दानीको स्थायी स्रोतको समस्या
- ❖ विद्यार्थी भर्ना र टिकाउको समस्या
- ❖ पूर्णकालीन अध्यापकको नियुक्तिको समस्या
- ❖ क्याम्पसलाई बहुमुखी र विषय थप सवालको समस्या
- ❖ आर्थिक तथा भौतिक सुधारको समस्या
- ❖ शिक्षाशास्त्र तर्फको घटदो आर्कषणको समस्या
- ❖ आइ.सि.टि ल्याब व्यवस्थापनको समस्या
- ❖ प्रयोगात्मक, व्यवहारिक र गुणस्तरीय शिक्षा प्रदान गर्ने समस्या

१०. चुनौति समाधानको योजना

- ❖ स्थायी आम्दानीको स्रोतको खोजी कार्य अगाडि बढाउने
- ❖ क्याम्पस संचालन कोष स्थापना गर्ने ।
- ❖ विद्यार्थी उत्तिर्ण दर वृद्धि गर्न आन्त्रिक परीक्षा संचालन गर्ने तथा वैकल्पि कक्षा व्यवस्थापन गर्ने ।
- ❖ गुणस्तरीय तथा व्यवहारिक शिक्षा प्रदान गरी विद्यार्थी भर्नादर बढाउने ।
- ❖ विद्यालय शिक्षालाई प्रभावकारी बनाउन मद्दत गर्ने ।
- ❖ शिक्षाशास्त्रको महत्व र गरिमाको विषयमा चेतना अभिवृद्धि गर्ने
- ❖ वडा, नगरपालिका, सामाजिक संघसंस्था तथा अन्य दाताहरुसँग आर्थिक सहयोगका लागि अपिल गर्ने ।
- ❖ क्याम्पसको खालि जग्गामा अनुकूल अनुसारको नगदेवाली लगाउने /वृक्षारोपन / फलफूल खेति लगाउने ।
- ❖ आइ.सि.टि ल्यावका लागि पहल कदमी लिने ।


- सरोकारवाला पक्षसँग समन्वय गरी क्याम्पसलाई बहुमुखी बनाउन पहल गर्ने ।
- थप छात्रावृद्धिको व्यवस्था गर्ने
- दाताहरुसंग माग गरी हरेक कक्षामा ईन्टरएक्टिभबोर्ड जडान गर्ने ।

अन्त्यमा यस प्रतिवेदनमा उल्लेख गरिए जस्तै दुरदराजमा रहेको यस क्याम्पसले आफनो अवस्थाले सक्दो समाज विकासमा योगदान दिएको देखिन्छ । अझ विविध कारणहरुले जति गर्नु पर्ने थियो त्यति गर्न सकेको छैन । आगामि दिनहरुमा थप विकास गर्न विभिन्न संघसस्था वुद्धिजिवि समाजसेविहरुको सुझाव सल्लाहको अपेक्षा गर्दछ । र हालसम्म यस अवस्थामा ल्याउन सहयो गर्नुहुने समपूर्ण दाता
,संघसस्था र महानुभावहरुलाई हार्दिक आभार प्रकट गर्दछ । धन्यवाद

राज कुमार राई
क्याम्पस प्रमुख

Annex-3

## Organizational Structure




राज कुमार राई
क्याम्पस प्रमुख